सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य तालिम केन्द्र**
धनगढी, कैलाली, नेपाल

फोन : ०९१-५२४०५७
फोन : ०९१-५२५८०२
healthtrainingcenter2075@gmail.com

## विषय : चमेनागृह सञ्चालन सम्बन्धि प्रस्ताव आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८२।०३।३२

यस स्वास्थ्य तालीम केन्द्र, धनगढीको भवनमा रहेको क्यान्टिन (चमेना गृह) वार्षिक रुपमा भाडामा दिई सञ्चालन गर्नुपर्ने भएको हुँदा इच्छुक फर्महरुको लागि चमेनागृह सञ्चालनका लागि निम्न शर्तहरुको अधिनमा रहि सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रीतपूर्वकको सिलबन्दी प्रस्ताव आव्हान गरिन्छ ।

शर्तहरु-

१.चमेनागृह सञ्चालनको लागि इच्छुक फर्मले नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, PAN दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सलंग्न गरी निवेदन दिइ यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस तालिम केन्द्रबाट रु १०००। (एक हजार ) फिर्ता नहुने गरी दस्तुर तिरी प्रमाणित प्रस्ताव फाराम खरिद गर्न सकिनेछ।

२.खरिद गरिएको प्रस्ताव सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२.०० बजेसम्म शिलवन्दी गरी कार्यालयमा दर्ता गराउनु पर्नेछ । म्याद भित्र रीतपूर्वक दर्ता भएको शिलबन्दी प्रस्तावहरु सोही दिन दिनको २.०० बजे कार्यालयका प्रतिनिधि र प्रस्तावदाताको रोहबरमा खोलिनेछ । प्रस्तावदाता उपस्थित नभएमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

३.चमेनागृह संचालनको लागि न्युनतम वार्षिक भाडा रु २७००००। अक्षरुपी दुई लाख सत्तरी हजार कायम गरिएको छ।

४.बढी अंक कवोल गर्ने र खाना तथा नास्ताको दररेट कम भएको निवेदकलाई चमेनागृह सञ्चालन गर्न दिने नदिने अधिकार कार्यालयलाई रहनेछ ।

५.प्रस्ताव खरिद गर्ने र दर्ता गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्य लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

६.चमेनागृहबाट उपलब्ध गराईने खाद्य परिकारको परिमाण, गुणस्तर एवंम वरपरको सरसफाई स्थितिका बारेमा निरन्तर अनुगमन हुने तथा पूर्वनिर्धारित स्तरको सेवा प्रवाह सन्तोषजनक भएको नपाईएमा कार्यालयले जुनसुकै बखत सम्झौता शर्त मुताबिक आवश्यक कारवाही गर्न सक्नेछ ।

७.चमेनागृह सञ्चालन अवधि सम्झौता भएको मिति देखि २०८३ असार मसान्त सम्म हुनेछ ।

८.प्रस्ताव दर्ता गर्दा धरौटी बापत कबोल अंकको तीन प्रतिशलते हुन आउने रकम प्र.ले.नि.का धनगढीको राष्ट्रिय वाणिज्य बैंक धनगढीमा रहेको धरौटी खाता नं. ४१७०१००२०२०३०००० (कार्यालयको कोड नं.३५००६७७०२७) मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नगदै राख्नुपर्ने छ ।

९. चमेनागृह संचालक सम्वन्धित फर्म दर्तावाला व्यक्तिनै हुनूपर्नेछ ।

१०.चमेनागृहमा सुर्तिजन्य तथा मदिराजन्य पदार्थ तथा कानून बमोजिम प्रतिवन्धित अन्य कुराहरु बिक्री वितरण तथा उपयोग गर्न पाईने छैन ।

११. यसमा उल्लेख नभएका कुराहरु सम्झौता र प्रचलित ऐन कानून बमोजिम हुनेछ ।